# अनुसूची १

## स्वतन्त्र रेडियो बचाऊ आन्दोलन काठमाडौं घोषणापत्र

२०६२ असार १०

हामी नेपालका सबै स्वतन्त्र एफएम रेडियो स्टेसनहरू, रेडियो पत्रकारहरू तथा स्वतन्त्र रेडियोको अधिकारका लागि क्रियाशील व्यक्ति तथा संस्थाहरूसमेत, नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेका अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताको सुनिश्चितता, प्रजातान्त्रिक सरकारले बनाएको सञ्चार नीति २०४९ र यिनै आधारमा बनाइएका छापाखाना तथा प्रकाशन ऐन २०४८, राष्ट्रिय प्रसारण ऐन २०४९, यीसँग सम्बन्धित नियमावलीका साथै सर्वोच्च अदालतले प्रतिपादन गरेका सिद्धान्तहरू समेतले प्रदान गरेको संवैधानिक तथा कानुनी प्रावधानको पूर्ण सम्मान गर्दै नेपालमा स्वतन्त्र रेडियो आन्दोलनको सफलताका लागि प्रतिबद्धता जाहेर गर्दछौं ।

नेपाली समाजको विकास र मुलुकमा प्रजातान्त्रिक प्रक्रियालाई अघि बढाउन तथा प्रजातन्त्रको प्रवर्द्धन, शान्ति, स्थायित्व, सद्भाव र प्रगतिका लागि स्वतन्त्र रेडियोले पुऱ्याएको योगदानप्रति हामी गौरव गर्दछौं ।

साथै प्रजातान्त्रिक नेपालमा विद्यमान कानुनहरूको पूर्ण पालना गर्ने प्रतिबद्धतालाई दोहोऱ्याउँदै हामी यो घोषणा गर्दछौं कि–

१. स्वतन्त्र रेडियोहरू श्रोताहरूमाझ स्थापित, स्थानीय विषयवस्तुमा आधारित, जनताको सजिलो पहुँच भएका आम सञ्चारका सुपथ, सही, सरल र प्रभावकारी माध्यम हुन् । स्वतन्त्र रेडियोका आवाज दबाउनु भनेको आवाजविहीन जनताको आवाज दबाउनु हो । स्वतन्त्र रेडियोमाथि दमन गर्नु भनेको स्थानीय तहका सूचनालाई जनतामा प्रवाहित गर्ने जनतामा आधारित संयन्त्रमाथिको ठाडो आक्रमण पनि हो ।
२. स्वतन्त्र रेडियो भनेको जनतालाई स्वतन्त्र, निष्पक्ष, सन्तुलित र विश्वसनीय समाचार उपलब्ध गराउने उपयुक्त माध्यम हो । स्वतन्त्र रेडियो कार्यक्रमले सरकार वा विद्रोही पक्षले तिनका रेडियोबाट गर्ने गलत प्रचारबाजी (Propaganda) ले निम्त्याउने सूचनाको खाडल पुरेर वास्तविक र यथार्थ खबर जनतामा पुऱ्याउँछ । यसले खुला र सहभागितामूलक समाज बनाउन पनि मद्दत गर्छ ।
३. सरकारले स्वतन्त्र रेडियोमाथि लगाएका सबै खालका रोक तत्काल हटाउनु पर्दछ । र, समाचार तथा समाचारमूलक कार्यक्रमका साथै विज्ञापनमाथि लगाइएको स्वेच्छाचारी नियन्त्रण र पत्रकारहरूलाई हतोत्साही गर्ने काम रोकी तत्काल स्वतन्त्र रेडियोले स्वतन्त्र रूपमा काम गर्ने वातावरण तयार गर्नु पर्दछ ।
४. स्वतन्त्र रेडियोहरूका समाचार तथा सूचनामूलक कार्यक्रममाथिको बन्देजले रेडियो पत्रकारहरूको पेशागत अस्तित्वलाई नै चुनौती दिएको छ । यो अवस्थामा हामी पूर्ण प्रेस स्वतन्त्रता र रेडियो पत्रकारहरूको पेशागत अधिकारको प्रत्याभूति गर्दै उनीहरूको पुनर्बहाली गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

५. आम सञ्चारमाध्यमका भूमिकाबारे विश्वव्यापी रूपमा स्वीकार गरिएका नीति र आधारभूत मानवअधिकारको विश्वव्यापी सिद्धान्तलाई अंगीकार गर्दै तथा संविधान र कानुनका प्रावधानबाहेकका कुनै पनि हस्तक्षेप वा सम्झौतालाई अस्वीकार गर्दै राष्ट्र, राष्ट्रियता र राष्ट्र निर्माणका सबै विषयमा खुला र स्वतन्त्र बहस गर्न पाउनुपर्ने जनताका आवाजलाई निरन्तर उठाइरहने छौँ ।
६. अभिव्यक्ति स्वतन्त्रता नै छलफल र सहमतिको आधारभूत उपाय हो भन्ने हाम्रो विश्वासलाई दोहोर्‍याउँदै यसले सबै खालका द्वन्द्वलाई शान्तिमा रूपान्तरण गर्न सहयोग गर्दछ भन्ने हाम्रो मान्यता छ । तसर्थ, जनताले चाहना गरेको शान्ति वहालीका लागि संविधानले प्रत्याभूत गरेको अभिव्यक्ति स्वतन्त्रताको अधिकार सरकारले स्वतन्त्र रेडियोहरूलाई तत्काल उपलब्ध गराउनु पर्दछ ।
७. हामी राज्यको सुरक्षा चासोप्रति सदा सजग छौँ तर अहिले मुलुकमा चलेको द्वन्द्वको समाधान सूचनालाई नियन्त्रण गरेर होइन, राजनीतिक संवादबाट मात्र खोज्न सकिन्छ भन्ने हाम्रो विश्वास छ ।
८. स्वतन्त्र र निष्पक्ष रेडियो प्रसारण सेवाको अभावमा सही सूचना प्रवाहका क्षेत्रमा शून्यता रहन्छ । तसर्थ, अहिले चलिरहेको स्वतन्त्र रेडियो बचाऊ आन्दोलनले विभिन्न खालका विचार, अभिव्यक्ति र सूचनालाई प्रवाह गर्न सञ्चारमाध्यमको बहुलतालाई समेत प्रतिनिधित्व गरेको छ ।

नेपालका स्वतन्त्र प्रसारक, सञ्चारकर्मी र स्वतन्त्र रेडियोका पक्षधरहरूको यो पहिलो राष्ट्रिय भेलाका हामी सहभागीहरू २०६१ माघ १९ गतेपछि स्वतन्त्र रेडियोहरूमाथि लगाइएका सबै खालका प्रतिबन्धहरू हटाउन गरिएका आन्दोलनलाई पूर्ण रूपमा समर्थन गर्दछौँ । साथै, प्रजातान्त्रिक नेपालका सार्वभौम जनताले कानुनी शासनका आधारमा आफ्नो व्यावसायिक दायित्व निर्वाह गर्ने तथा राष्ट्र निर्माणमा सहभागी हुने अधिकार निर्बाध रूपमा प्राप्त गर्नुपर्दछ भन्ने मान्यता राख्दछौँ ।

# अनुसूची २

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकार**का जुनाफमा
देशभरका स्वतन्त्र एफएम रेडियोहरूका तर्फबाट चढाएको विन्तीपत्र

२०६२ असार १७ गते

श्री ५ महाराजाधिराज सरकार,

**श्री ५ महाराजाधिराज सरकार**का जुनाफमा हामी देशभरका स्वतन्त्र एफएम रेडियो प्रसारकहरूका तर्फबाट वर्तमान परिस्थितिमा देशभरका स्वतन्त्र रेडियोहरूले भोग्नुपरेका कठिनाइबारे निम्न बुँदामा जाहेर गर्दछौँ ।

सरकार,

१) नेपालका स्वतन्त्र रेडियोहरू समाचार र सूचनाबाट वञ्चित गरिएका सर्वसाधारण आम नेपालीहरूको सूचना तथा सञ्चारको निर्विकल्प माध्यम हुन् । छोटो समयमा नै नेपालका स्वतन्त्र रेडियोहरूले खेलेको भूमिका, प्राप्त प्रतिष्ठा, लोकप्रियता तथा विश्वसनीयता विश्वकै लागि उदाहरणीय तथा अनुकरणीय समेत बनिसकेको छ । स्वतन्त्र रेडियोहरूले राष्ट्रिय संस्कृतिको उत्थान, मुलुकको विकासलाई उद्घाटित गर्ने राष्ट्रिय जागरण अभियानमा दिएको योगदान, राष्ट्रियताको सम्बर्द्धनमा खेलेको अहम् भूमिका अभूतपूर्व छ ।

   स्वतन्त्र रेडियोहरूले मुलुकका लागि सूचना, समाचार तथा स्वस्थ मनोरञ्जनका साथै वैकल्पिक माध्यमका रूपमा अभूतपूर्व योगदान दिइरहेको अवस्थामा अचानक श्री ५ को सरकारले एफएम रेडियोहरूलाई विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम बाहेक अन्य कुनै प्रकारका कार्यक्रम प्रसारण गर्न नदिने, आर्थिक तथा विज्ञापनमा नाकाबन्दी लगाउने तथा सामान्य प्रशासनिक कारवाहीभित्र पर्ने जगेडा ट्रान्समिटर समेत ल्याउन रोक लगाउने गर्नाले स्वतन्त्र रेडियोहरूको अस्तित्व नै समाप्त हुन लागेको हामीले अनुभव गर्न थालेका छौँ । यसको कारक चाहिँ श्री ५ को सरकार नै बन्न पुगेको महसुस हुन थालेको छ । सांस्कृतिक तथा सूचनाको अतिक्रमण भइरहेको वर्तमान अवस्थामा विदेशी समाचार च्यानल (खासगरी छिमेकी राष्ट्र भारतका) हरूलाई खुला गरी स्वदेशी सञ्चार माध्यमहरू खासगरी जनताको सूचनाका साथी र आवश्यकता बनेका एफएम रेडियोहरूको मुख बन्द गरिएकाले मुलुकको विकास, राष्ट्रिय संस्कृतिको निर्माण तथा राष्ट्रियताका लागि आम सञ्चार सम्बन्धी सरकारी दृष्टिकोण, अवधारणा र मान्यताहरू तत्काल सार्वजनिक गर्दै यो अभियानमा एफएम रेडियोहरूको स्थान र भूमिका के भनी निर्धारण गर्नु जरुरी भैसकेको छ ।

२) २०६१ माघ १९ गतेदेखि मुलुकमा जारी भएको संकटकाल पश्चात् श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयले स्वतन्त्र रेडियोहरूका नाममा चारओटा सूचना जारी गरेको थियो । २०६१ माघ २० गते जारी गरेको पहिलो सार्वजनिक सूचनामा *श्री ५ महाराजाधिराज सरकारबाट माघ १९ मा बक्स भएको शाही घोषणाको भावना र*

*मर्मविपरीत एवं आतंककारी तथा विध्वंसात्मक र आतंककारीलाई प्रत्यक्ष वा परोक्ष रूपमा प्रोत्साहन वा सघाउ पुग्न जाने प्रकृतिका अन्तर्वार्ता, लेख, समाचार, सूचना, अभिमत वा व्यक्तिगत विचार* प्रसारणमा रोक लगाइएको छ। यसैगरी माघ २१ गते जारी सूचनामा *श्री ५ महाराजाधिराजका संवाद सचिवालयको मिति २०६१।१०।१९ को विज्ञप्तिद्वारा लागू भएको संकटकालमा एफएम रेडियोहरूले विशुद्ध मनोरञ्जनात्मक कार्यक्रमबाहेक अन्य कुनै पनि प्रकारका समाचार, सूचना, लेख, विचार, अभिव्यक्ति लगायतका कुनै पनि कार्यक्रम प्रसारण नगर्न* निर्देशन दिइएको छ। त्यसैगरी २०६१ फागुन १९ गतेको सूचनामा *माघ १९ मा बक्स भएको शाही घोषणाको भावना र मर्म विपरीत एवं आतंककारी तथा विध्वंसात्मक र आतंककारीलाई प्रत्यक्ष वा परोक्ष रूपमा प्रोत्साहन वा सघाउ पुग्न जाने प्रकृतिका अन्तर्वार्ता, लेख, समाचार, सूचना, अभिमत वा व्यक्तिगत विचार* प्रसारणमा रोक लगाइएको छ। २०६१ फागुन २६ गते फेरि सूचना तथा सञ्चार मन्त्रालयले *संकटकाल लागू भएको अवस्थामा एफएम रेडियोहरूले विशुद्ध मनोरञ्जनात्मक कार्यक्रमबाहेक अन्य कुनै पनि प्रकारका समाचार, सूचना, लेख, विचार, अभिव्यक्ति लगायतका कुनै पनि कार्यक्रम प्रसारण नगर्न* निर्देशन दिएको छ। जुन निर्देशनपछि श्री ५ को सरकारले स्वतन्त्र रेडियोहरूबाट सञ्चालित महिला कार्यक्रम, बाल कार्यक्रम, दलित कार्यक्रम, जनस्वास्थ्य कार्यक्रम, कृषि कार्यक्रम, आत्मनिर्भरतासम्बन्धी कार्यक्रम, सामुदायिक विकाससम्बन्धी कार्यक्रम, साहित्यिक कार्यक्रम, वातावरणसम्बन्धी कार्यक्रम, मानवअधिकार शिक्षा कार्यक्रम, करिअर काउन्सिलिङ् कार्यक्रम आदि बन्द गराएको थियो। साथै रक्तदानसम्बन्धी सूचना, पोलियो थोपा खुवाउन ल्याउनुहोस् वा वालक हरायो भन्ने खालका सूचनामा समेत रोक लगाइएको थियो।

३) श्री ५ को सरकारले जारी गरेका सबै सूचनामा उल्लेखित संकटकाल २०६२ वैशाख १६ गतेपछि नरहेको अवस्थामा पनि क्षेत्रीय प्रशासक, जिल्ला प्रशासन कार्यालय लगायतका विभिन्न निकायहरूबाट पटक पटक संकटकालमा जारी भएका सूचना पालना गर्नू भन्ने पत्रहरू आएका तर संकटकाल नरहेको अवस्थामा कुन कारणले कार्यक्रम रोक लगाउनु पर्‍यो भन्ने कुरा उल्लेख नगरिएकाले स्वतन्त्र रेडियो प्रसारकहरूका लागि अन्यौलपूर्ण अवस्था सिर्जना गरायो।

४) नेपालमा आठ वर्षअघि स्वतन्त्र रेडियोको प्रसारण सुरु भएयता हालसम्म ४७ ओटा रेडियोहरू सञ्चालनमा रहेका र श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयबाट अनुमति पाएका तर सञ्चालनमा नआइसकेका अन्य नौओटा रेडियोहरू छन। स्वतन्त्र रेडियोहरू अनुमति तथा सञ्चालनको कानुनी आधार नेपाल अधिराज्यको संविधान २०४७, राष्ट्रिय सञ्चार नीति २०४९, राष्ट्रिय प्रसारण ऐन २०४९ र राष्ट्रिय प्रसारण नियमावली २०५२ तथा सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति २०६० रहेका छन्। २०४७ को संविधानले प्रत्याभूत गरेको अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र प्रेस स्वतन्त्रतासम्बन्धी धाराहरूको भावनाअनुसार २०४९ सालमा जारी राष्ट्रिय प्रसारण ऐनको प्रस्तावनामा *सूचना र सञ्चारका क्षेत्रमा उपलब्ध आधुनिक प्रविधिको प्रयोग गरी प्रसारणका माध्यमहरूलाई विश्वसनीय, प्रभावकारी एवं सुदृढ बनाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा भएका निष्पक्ष एवं अधिकारिक समाचार तथा सूचनाको जानकारी आम जनताले पाउने गरी सूचनाको प्रवाहलाई निर्बाध रूपले प्रसारण गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले* भन्ने कुरा उल्लेख छ भने इजाजतका लागि निवेदन

दिने तथा प्रसारकको दायित्वमा समेत समाचार कसरी दिने भन्ने प्रावधान रहेका छन् । त्यसै गरी सञ्चारमन्त्रालयले जारी गरेका इजाजत पत्रमा समाचारमूलक, मनोरञ्जनात्मक र सूचनामूलक कार्यक्रम सञ्चालन गर्न पाउने कुरा उल्लेख गरेको छ । साथै इजाजतकै सर्तका रूपमा जारी गरिएको प्रसारण निर्देशिका २०६० मा समाचार प्रसारणका बेला पालना गर्नुपर्ने कुराहरू उल्लेख गरिएका छन् ।

५) २०५७ सालमा सूचना तथा सञ्चार मन्त्रालयले समाचार प्रसारण लगायतका कुराहरूमा रोक लगाएपछि परेको माधव बस्नेत समेत विरुद्ध सूचना तथा सञ्चार मन्त्रालय समेतको मुद्दामा सम्मानित सर्वोच्च अदालतको विशेष इजलासले संविधानले प्रत्याभूत गरेका मौलिक हकहरू विचार तथा अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकको समेत व्याख्या गर्दै विद्युतीय सञ्चारमाध्यमको भूमिका समेत स्पष्ट पारेको छ । सो फैसलामा भनिएको छ, ...*"विद्युतीय सञ्चारमाध्यमको तीव्र विकास भइरहेको वर्तमान अवस्थामा रेडियोलाई सबैभन्दा सशक्त एवं प्रभावकारी सञ्चारमाध्यमको रूपमा स्वीकारिएको पाइन्छ । रेडियो जस्तो प्रभावकारी सञ्चारमाध्यमले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका समसामयिक गतिविधिसँग सम्बन्धित समाचार तथा विचारहरू सर्वसाधारणलाई उपलब्ध गराएर जनचेतना अभिवृद्धि गर्नमा अहम् भूमिका खेल्दछ भन्ने कुरामा कसैको पनि दुई मत हुन सक्तैन । यसैले प्रत्येक नागरिकलाई कुनै पनि सार्वजनिक महत्त्वको विषयमा आफ्नो विचार तथा अभिव्यक्ति रेडियोको माध्यमबाट प्रसारण गर्ने र रेडियोद्वारा सार्वजनिक महत्त्वका विषयमा सूचना पाउने एवं अरूका विचार तथा अभिव्यक्ति प्राप्त गर्ने अधिकार पनि संविधानद्वारा व्यवस्थित विचार-अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनाको हकको अन्तरभूत अंगको रूपमा रहेको मान्नुपर्ने हुन आउँछ । त्यस्ता आम विद्युतीय सञ्चारमाध्यमबाट विचार तथा अभिव्यक्ति आदानप्रदान गर्ने स्वतन्त्रताका सम्बन्धमा पनि माथि उल्लिखित प्रेस स्वतन्त्रतासम्बन्धी संवैधानिक प्रत्याभूति समान रूपमा लागू हुने हुन्छ । आम विद्युतीय सञ्चारमाध्यमबाट स्वतन्त्र एवं निर्बाध रूपमा विचार तथा अभिव्यक्ति स्वतन्त्रताको उपभोगमा लगाइने कुनै पनि प्रतिबन्धले अन्ततः विचार तथा अभिव्यक्तिको स्वतन्त्रता कुण्ठित हुन जाने हुँदा त्यस्तो प्रतिबन्ध पनि मनासिव रूपमा कानुनद्वारा मात्र लगाउन सकिने हुन्छ ।...."*

६) यस अवधिमा सूचना तथा सञ्चार मन्त्रालयले स्वतन्त्र रेडियो स्टेसनहरूलाई जगेडा ट्रान्समिटर ल्याउन अनुमति दिएन । सरकारी निकाय तथा स्थानीय सरकारसँग मिलेर सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमहरू बन्द गराएर रेडियो नेपालसँग मात्र मिलेर सञ्चालन गर्न आदेश दिइयो । स्वास्थ्य, शिक्षा लगायतका कल्याणकारी विज्ञापनहरू स्वतन्त्र रेडियोलाई नदिन अन्य मन्त्रालय तथा सरकारी निकायलाई निर्देशन दिइयो ।

७) कानुनद्वारा संरक्षित स्वतन्त्र रेडियोहरूलाई कानुनले दिएका लगभग सम्पूर्ण अधिकारबाट वञ्चित गरियो । जसका कारण स्वतन्त्र रेडियोहरूले यस अवधिमा अपूरणीय आर्थिक क्षति समेत बेहोर्नु पर्‍यो । तर स्वतन्त्र रेडियोहरूले सरकारलाई बुझाउनु पर्ने आर्थिक दायित्व वार्षिक नवीकरण शुल्क, रोयल्टी कायमै राखिएको छ । कानुन प्रदत्त अधिकार प्रयोग गर्न नपाउने तर दायित्व चाहिँ कायमै हुनुले स्वतन्त्र रेडियोको सञ्चालनमा गम्भीर संकट उत्पन्न भएको छ ।

८) स्वतन्त्र रेडियोमा कार्यरत थुप्रै पत्रकारहरू (करिब एक हजार) बेरोजगार बन्नु परेको छ । जसले संकटकालमा समेत निलम्बनमा नपरेको संविधानद्वारा प्रत्याभूत धारा १२(२)(ङ) सँग सम्बन्धित पेशा वा रोजगारको हक समेत कुण्ठित हुन पुगेको छ ।

९) मन्त्रिपरिषद्का उपाध्यक्ष, मन्त्रीहरू, उच्चपदस्थ अधिकारी तथा सरोकार राख्ने सबैखाले निकायलाई यस सम्बन्धमा झण्डै तीन महिनासम्म बारम्बार कुरा राख्ने तथा अनुरोध गर्ने कार्य गर्दा पनि कुनै प्रकारको सुनुवाइ भएन ।

१०) यस्तो अवस्थामा नेपाल अधिराज्यभरका स्वतन्त्र रेडियो प्रसारणसँग सम्बन्धित तीनओटा प्रसारकहरूका संस्था सामुदायिक रेडियो प्रसारक संघ, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल र काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्च, रेडियो प्रवर्द्धक संघसस्था तथा पत्रकारहरू समेतको उपस्थितिमा आफ्ना कानुनसम्मत हक अधिकार पुनर्बहालीका लागि क्रियाशील रहन २०६२ जेठ ११ मा काठमाडौँमा सम्पन्न एक भेलाले स्वतन्त्र रेडियो बचाऊ आन्दोलन, केन्द्रीय संघर्ष समिति गठन गऱ्यो । सो संघर्ष समितिले जेठ १५ गते एकहप्तासम्म विरोध कार्यक्रमहरू सञ्चालन गऱ्यो । सो चरणमा श्री ५ को सरकारका तर्फबाट कुनै प्रतिक्रिया नआएपछि दोस्रो चरणका विरोध कार्यक्रम अघि बढाएको छैटौँ दिन **श्री ५ महाराजाधिराज सरकार**को दोहा भ्रमणको समाचार प्रसारण गर्ने पूर्वघोषित कार्यक्रम थियो तर श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालयले **सरकार**को भ्रमणसम्बन्धी समाचार प्रसारण गर्न कुनै पनि हालतमा नदिने प्रयत्नस्वरूप **सरकार**को दोहा भ्रमणको समाचार प्रसारण गरेमा प्रसारण इजाजत रद्दसमेत गर्ने चेतावनी सहितको सार्वजनिक सूचना जेठ ३१ गते साँझ जारी गऱ्यो ।

सरकार,
देश संकटमा फसेका बेला श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयले हामी, ७० प्रतिशतभन्दा बढी जनसंख्याले सुन्न सक्ने तथा निरक्षर जनतासम्म पहुँच भएका, स्वतन्त्र रेडियो स्टेसनहरूलाई राष्ट्र, राष्ट्रियताको प्रबर्द्धन तथा राष्ट्रिय र स्थानीय समस्याको समाधानका साथै दिगो शान्ति र देश विकासका लागि जनमत बनाई समाज र राष्ट्रको सेवा गर्नका लागि सहज वातावरण बनाइदिनुपर्नेमा मौसूफबाट माघ १९ को शाही घोषणामा बक्स भएको स्वतन्त्र सञ्चार माध्यमको भूमिकासम्बन्धी भावनालाई समेत वेवास्ता गरी केवल सौन्दर्यपरक विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम चलाउन बाध्य पार्नु अति आश्चर्यजनक कार्य भएको हुँदा नेपाल अधिराज्यको संविधान २०४७, राष्ट्रिय प्रसारण ऐन २०४९ तथा सम्मानित सर्वोच्च अदालतको एफएम रेडियो सम्बन्धी फैसला २०५८ र ती स्टेसनले पाएको इजाजत समेतका आधारमा समाचार तथा सूचनामूलक लगायतका सबै कार्यक्रम प्रसारणको अनुमतिका लागि श्री ५ को सरकारलाई आवश्यक निर्देशन बक्स हुन **श्री ५ महाराजाधिराज सरकार** समक्ष यो विन्तीपत्र चढाएका छौँ । देशभरका प्रसारकहरूको असार १० गते काठमाडौँमा सम्पन्न राष्ट्रिय भेलाले पारित गरेको काठमाडौँ घोषणापत्र पनि यसैसाथ संलग्न गरी **सरकार**मा चढाएको व्यहोरा जाहेर गर्दछौँ ।

**देशभरका स्वतन्त्र रेडियो स्टेसनका तर्फबाट**
काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्च
ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल
सामुदायिक रेडियो प्रसारक संघ

# अनुसूची ३

## स्वतन्त्र रेडियोको आत्मकथा

*म नेपालको स्वतन्त्र रेडियो हुँ । तपाईंको दुःखसुखको साथी । तपाईं सार्वभौमसत्तासम्पन्न नागरिकको सूचना, विचार र अभिव्यक्तिको सेवक । राष्ट्रकै सेवक । म विभिन्न ठाउँमा छुट्टाछुट्टै अस्तित्व बोकी छरिएर रहेको छु । म ४७ ओटा भिन्दाभिन्दै ठाउँबाट मेरो देशको गन्ध, छन्द, भाव भंगिमा जस्तै भिन्दाभिन्दै स्वाद, रङ्ग र लवज, भाषा भेषमा तपाईंको आवाजको प्रतिनिधित्व गर्दै छुट्टै परिचयका साथ तपाईंकै माझमा आउने गरेको छु । तपाई जस्तै ७० प्रतिशतभन्दा बढी नेपालीको जीवनको म अभिन्न अंग बनिसकेको छु । म हिमालदेखि तराईसम्म र सुदूर पूर्वदेखि सुदूर पश्चिमसम्म तपाईंकै माझ, तपाईंकै सेवामा समर्पित छु ।*

*म स्वतन्त्र रेडियोलाई तपाईंजस्ता धेरैले एफएम रेडियो भनेर पनि चिन्नुहुन्छ । म ८८ देखि १०८ मेगाहर्जभित्रका विभिन्न फ्रिक्वेन्सीहरूमार्फत छुट्टाछुट्टै रेडियोको रूपमा तपाईंसमक्ष आउने गरेको छु । तपाईंले जुन रेडियो लगाए पनि म स्वतन्त्र रेडियोलाई नै भेट्नुहुन्छ ।*

*म गाउँका झुपडीदेखि सहरका महलसम्म, पँधेरो, देउराली र चौतारी अनि उकाली ओरालीदेखि टचाक्सी, बस, रेष्टुरेन्ट, बार र कार्यालयहरूसम्म बज्ने गरेको छु । खेतबारीमा, सडक, गल्लीमा, भरियाको पिठ्यूँमा र गोठालाको हातमा म जहीँ पनि उत्तिकै प्रिय साथी बन्ने गरेको छु । म आफैँ केही हैन । म त तपाईंकै आवाज, तपाईंकै भावना र तपाईंकै सफलता, तपाईंकै सुस्केरा, रुवाइ, हाँसो, उत्साह, उमङ्ग समेट्ने तपाईकै प्रतिनिधि हुँ । मेरो एउटै स्वार्थ छ । त्यो स्वार्थ हो, तपाईंको सेवा । समग्र राष्ट्रकै सेवा ।*

*म स्वतन्त्र रेडियो । मलाई माध्यम बनाएर नेपाली आकाशमा तपाईंकै चाहना, भावना र परिकल्पना गुन्जिने गर्थ्यो । नेपालमा स्वतन्त्र रेडियोको उच्च व्यावसायिक विकासले दक्षिण एसिया र विश्वकै ध्यान तानेको यथार्थ हो । मेरो बाटो पहिल्याउन संसारकै धेरै देश उत्सुक देखिँदै गरेको पनि अर्को यथार्थ हो किनकि मैले सूचना, विचार र अभिव्यक्तिको तपाईंको संवैधानिक अधिकार बुझेको छु । मैले प्रसार गरेका समाचार र सूचनाबाट तपाईंले दिनको थालनी गरेको र दिनको अन्त्य गरेको पनि अर्को यथार्थ हो । मैले तपाईंको सूचनाको आवश्यकतासँगसँगै आफ्नो भाषा, संस्कृति, परम्परा, सामाजिक सद्भाव, भाइचारा, राष्ट्रियता र नेपालीपनको विकास र विस्तारमा सक्दो योगदान गर्दै आएको छु । मेरो विकास र विस्तारपछि नै नेपाली संगीत र साहित्यले नयाँ आयाम पाएको यथार्थ कसैबाट छिपेको छैन । मैले सामाजिक न्याय, सुशासन र समग्र राष्ट्रको विकासको परिकल्पनामा आफ्नो भूमिका पहिचान गरिसकेको छु । शिक्षा र मनोरन्जनका माध्यमबाट पनि तपाईंको स्वस्थ मनोरन्जन गराएर मैले मेरो कर्तव्य पालना गरिहेको छु । किनकि म तपाईंकै भावनाको प्रतिविम्ब हुँ । तर तपाईं र राष्ट्रको सेवामा जुटिरहँदारहँदै म कुँजो बनाइएको छु, मौन बनाइएको छु । अहिले मलाई धेरै घाउ लागेका छन् । पखेटा काटिएको चरी जस्तै भएको छु म । म रुग्ण पनि भएको छु ।*

*म नेपालको स्वतन्त्र रेडियो । अझै परिष्कृत र जिम्मेदार बन्दै विकसित हुन चाहन्छु । तपाईंको सूचना, विचार र अभिव्यक्तिको असल वाहक बन्न चाहन्छु । गुणस्तरयुक्त सेवा प्रदान गर्न चाहन्छु । पहाड, कुना, कन्दरा र सहरी अनि अर्धसहरी जनमानसको सूचनाको असल साथी बन्न चाहन्छु । विकासको बाटोमा राष्ट्रले चालेको पाइलामा म सहयोगी बन्न*

*चाहन्छु । सकारात्मक समाजको निर्माणका लागि म आफ्नो कर्तव्य निर्वाह गर्न चाहन्छु । मैले त सम्पन्न नेपाली र सुन्दर नेपालका लागि स्वतन्त्रतापूर्वक सूचना, समाचार, विचार र अभिव्यक्ति प्रसारण गरी कर्तव्य निर्वाह गर्ने आफ्नो भूमिका मात्रै खोजिरहेको छु । यसभन्दा बढी अरू केही हैन ।*

*तयारकर्ता: घमराज लुइँटेल*

## अनुसूची ४

**श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयसँग वार्ताका लागि**
**स्वतन्त्र रेडियो बचाऊ आन्दोलन,**
केन्द्रीय संघर्ष समितिको अवधारणा २०६२

१) नेपालका स्वतन्त्र रेडियोहरू समाचार र सूचनाबाट वञ्चित गरिएका सर्वसाधारण आम नेपालीहरूको सूचना तथा सञ्चारको निर्विकल्प माध्यम हुन्। छोटो समयमा नै नेपालको स्वतन्त्र रेडियोहरूले खेलेको भूमिका, प्राप्त प्रतिष्ठा, लोकप्रियता तथा विश्वसनीयता विश्वकै लागि उदाहरणीय तथा अनुकरणीय समेत बनिसकेको छ। स्वतन्त्र रेडियोहरूले राष्ट्रिय संस्कृतिको उत्थान, मुलुकको विकासलाई उद्घाटित गर्ने राष्ट्रिय जागरण अभियानमा दिएको योगदान, राष्ट्रियताको सम्बर्द्धनमा खेलेको अहम् भूमिका अभूतपूर्व छ।

स्वतन्त्र रेडियोहरूले मुलुकका लागि अभूतपूर्व योगदान दिइरहेको अवस्थामा अचानक श्री ५ को सरकारले एफएम रेडियोहरूलाई विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम बाहेक अन्य कुनै प्रकारका कार्यक्रम प्रसारण गर्न नदिने, आर्थिक तथा विज्ञापनमा नाकाबन्दी लगाउने तथा सामान्य प्रशासनिक कारवाही भित्र पर्ने जगेडा ट्रान्समिटर समेत ल्याउन रोक लगाउनुले सरकार स्वतन्त्र रेडियोहरूको अस्तित्व समाप्त पार्न उद्यत रहेको महसुस हुन थालेको छ। सांस्कृतिक तथा सूचनाको अतिक्रमण भइरहेको वर्तमान अवस्थमा स्वदेशी माध्यमहरूलाई मुलुकको विकास, राष्ट्रिय संस्कृतिको निर्माण तथा राष्ट्रियताका लागि आम सञ्चार सम्बन्धी सरकारी दृष्टिकोण, अवधारणा र मान्यताहरू तत्काल सार्वजनिक गर्दै यो अभियानमा एफएम रेडियोहरूको स्थान र भूमिका के भनी निर्धारण गर्नु जरुरी भैसकेको छ।

२) २०६१ माघ १९ गतेदेखि मुलुकमा लागू गरिएको संकटकाल पश्चात् श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयले स्वतन्त्र रेडियोहरूका नाममा चारओटा सूचना जारी गरेको थियो। २०६१ माघ २० गते जारी गरेको पहिलो सार्वजनिक सूचनामा *श्री ५ महाराजाधिराज सरकारबाट माघ १९ मा बक्स भएको शाही घोषणाको भावना र मर्मविपरीत एवं आतंककारी तथा विध्वंसात्मक र आतंककारीलाई प्रत्यक्ष वा परोक्ष रूपमा प्रोत्साहन वा सघाउ पुग्न जाने प्रकृतिका अन्तर्वार्ता, लेख, समाचार, सूचना, अभिमत वा व्यक्तिगत विचार* प्रसारणमा रोक लगाइएको छ। यसैगरी माघ २१ गते जारी सूचनामा *श्री ५ महाराजाधिराजका संवाद सचिवालयको मिति २०६१।१०।१९ को विज्ञप्तिद्वारा लागू भएको संकटकालमा एफएम रेडियोहरूले विशुद्ध मनोरञ्जनात्मक कार्यक्रमबाहेक अन्य कुनै पनि प्रकारका समाचार, सूचना, लेख, विचार, अभिव्यक्ति लगायतका कुनै पनि कार्यक्रम प्रसारण नगर्न* निर्देशन दिइएको छ। त्यसै गरी २०६१ फागुन १९ गतेको सूचनामा *माघ १९ मा बक्स भएको शाही घोषणाको भावना र मर्म विपरीत एवं आतंककारी तथा विध्वंसात्मक र आतंककारीलाई प्रत्यक्ष वा परोक्ष रूपमा प्रोत्साहन वा सघाउ पुग्न जाने प्रकृतिका अन्तर्वार्ता, लेख, समाचार, सूचना, अभिमत वा व्यक्तिगत विचार* प्रसारणमा रोक लगाइएको छ। २०६१ फागुन २६ गते फेरि सूचना तथा सञ्चार मन्त्रालयले *संकटकाल लागू भएको अवस्थामा एफएम रेडियोहरूले*

*विशुद्ध मनोरञ्जनात्मक कार्यक्रमबाहेक अन्य कुनै पनि प्रकारका समाचार, सूचना, लेख, विचार, अभिव्यक्ति लगायतका कुनै पनि कार्यक्रम प्रसारण नगर्न* निर्देशन दिएको छ। जुन निर्देशनपछि श्री ५ को सरकारले स्वतन्त्र रेडियोहरूबाट सञ्चालित महिला कार्यक्रम, वाल कार्यक्रम, दलित कार्यक्रम, जनस्वास्थ्य कार्यक्रम, कृषि कार्यक्रम, आत्मनिर्भरता सम्बन्धी कार्यक्रम, सामुदायिक विकास सम्बन्धी कार्यक्रम, साहित्यिक कार्यक्रम, वातावरण सम्बन्धी कार्यक्रम, मानवअधिकार शिक्षा कार्यक्रम, करिअर काउन्सिलिङ कार्यक्रम आदि बन्द गराएको थियो। साथै रक्तदान सम्बन्धी सूचना, पोलियो थोपा खुवाउन ल्याउनुहोस् वा वालक हरायो भन्ने खालका सूचनामा समेत रोक लगाइएको थियो।

३) श्री ५ को सरकारले जारी गरेका सबै सूचनामा उल्लेखित संकटकाल २०६२ वैशाख १६ गतेपछि नरहेको अवस्थामा पनि सरकारका क्षेत्रीय प्रशासक, जिल्ला प्रशासन कार्यालय लगायतका विभिन्न निकायहरूबाट पटक पटक संकटकालमा जारी भएका सूचना पालना गर्नू भन्ने पत्रहरू आएका तर संकटकाल नरहेको अवस्थामा कुन कारणले कार्यक्रम रोक लगाउनु पऱ्यो भन्ने कुरा उल्लेख नगरिएकाले स्वतन्त्र रेडियो प्रसारकहरूका लागि अन्यौलपूर्ण अवस्था सिर्जना गरायो।

४) नेपालमा आठ वर्षअघि स्वतन्त्र रेडियोको प्रसारण सुरु भएयता हालसम्म ४७ ओटा रेडियोहरू सञ्चालनमा रहेका र श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयबाट अनुमति पाएका तर सञ्चालनमा नआइसकेका अन्य नौओटा रेडियोहरू छन। स्वतन्त्र रेडियोहरू अनुमति तथा सञ्चालनको कानुनी आधार नेपाल अधिराज्यको संविधान २०४७, राष्ट्रिय सञ्चार नीति २०४९, राष्ट्रिय प्रसारण ऐन २०४९ र राष्ट्रिय प्रसारण नियमावली २०५२ तथा सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति २०६० रहेका छन्। २०४७ को संविधानले प्रत्याभूत गरेको अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र प्रेस स्वतन्त्रता सम्बन्धी धाराहरूको भावना अनुसार २०४९ सालमा जारी राष्ट्रिय प्रसारण ऐनको प्रस्तावनामा *सूचना र सञ्चारका क्षेत्रमा उपलब्ध आधुनिक प्रविधिको प्रयोग गरी प्रसारणका माध्यमहरूलाई विश्वसनीय, प्रभावकारी एवं सुदृढ बनाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा भएका निष्पक्ष एवं आधिकारिक समाचार तथा सूचनाको जानकारी आम जनताले पाउने गरी सूचनाको प्रवाहलाई निर्बाध रूपले प्रसारण गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले* भन्ने कुरा उल्लेख छ भने इजाजतका लागि निवेदन दिने तथा प्रसारकको दायित्वमा समेत समाचार कसरी दिने भन्ने प्रावधान रहेका छन्। त्यसै गरी सञ्चारमन्त्रालयले जारी गरेका इजाजतपत्रमा समाचारमूलक, मनोरञ्जनात्मक र सूचनामूलक कार्यक्रम सञ्चालन गर्न पाउने कुरा उल्लेख गरेको छ। साथै इजाजतकै सर्तका रूपमा जारी गरिएको प्रसारण निर्देशिका २०६० मा समाचार प्रसारणका वेला पालना गर्नु पर्ने कुराहरू उल्लेख गरिएका छन।

५) २०५७ सालमा सूचना तथा सञ्चार मन्त्रालयले समाचार प्रसारण लगायतका कुराहरूमा रोक लगाएपछि परेको माधव बस्नेत समेत विरुद्ध सूचना तथा सञ्चार मन्त्रालय समेतको मुद्दामा सम्मानित सर्वोच्च अदालतको विशेष इजलासले संविधानले प्रत्याभूत गरेका मौलिक हकहरू विचार तथा अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकको समेत व्याख्या गर्दै विद्युतीय सञ्चारमाध्यमको भूमिका समेत स्पष्ट पारेको छ। सो फैसलामा भनिएको छ, *विद्युतीय सञ्चारमाध्यमको तीव्र विकास भइरहेको वर्तमान अवस्थामा रेडियोलाई सबैभन्दा सशक्त एवं प्रभावकारी सञ्चारमाध्यमको रूपमा स्वीकारिएको*

*पाइन्छ । रेडियो जस्तो प्रभावकारी सञ्चारमाध्यमले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका समसामयिक गतिविधिसँग सम्बन्धित समाचार तथा विचारहरू सर्वसाधारणलाई उपलब्ध गराएर जनचेतना अभिवृद्धि गर्नमा अहम् भूमिका खेल्दछ भन्ने कुरामा कसैको पनि दुई मत हुन सक्तैन । यसैले प्रत्येक नागरिकलाई कुनै पनि सार्वजनिक महत्त्वको विषयमा आफ्नो विचार तथा अभिव्यक्ति रेडियोको माध्यमबाट प्रसारण गर्ने र रेडियोद्वारा सार्वजनिक महत्त्वका विषयमा सूचना पाउने एवं अरूका विचार तथा अभिव्यक्ति प्राप्त गर्ने अधिकार पनि संविधानद्वारा व्यवस्थित विचार-अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनाको हकको अन्तरभूत अंगको रूपमा रहेको मान्नुपर्ने हुन आउँछ । त्यस्ता आम विद्युतीय सञ्चारमाध्यमबाट विचार तथा अभिव्यक्ति आदान प्रदान गर्ने स्वतन्त्रताका सम्बन्धमा पनि माथि उल्लिखित प्रेस स्वतन्त्रतासम्बन्धी संवैधानिक प्रत्याभूति समान रूपमा लागू हुने हुन्छ । आम विद्युतीय सञ्चारमाध्यमबाट स्वतन्त्र एवं निर्बाध रूपमा विचार तथा अभिव्यक्ति स्वतन्त्रताको उपभोगमा लगाइने कुनै पनि प्रतिबन्धले अन्ततः विचार तथा अभिव्यक्तिको स्वतन्त्रता कुण्ठित हुन जाने हुँदा त्यस्तो प्रतिबन्ध पनि मनासिब रूपमा कानुनद्वारा मात्र लगाउन सकिने हुन्छ ।*

६) यस अवधिमा सूचना तथा सञ्चार मन्त्रालयले स्वतन्त्र रेडियो स्टेसनहरूलाई जगेडा ट्रान्समिटर ल्याउन अनुमति दिएन । सरकारी निकाय तथा स्थानीय सरकारसँग मिलेर सञ्चालित विकास निर्माण सम्बजन्धी कार्यक्रमहरू बन्द गराएर रेडियो नेपालसँग मात्र मिलेर सञ्चालन गर्न आदेश दिइयो । स्वास्थ्य, शिक्षा लगायतका कल्याणकारी विज्ञापनहरू स्वतन्त्र रेडियोलाई नदिन अन्य मन्त्रालय तथा सरकारी निकायलाई निर्देशन दिइयो ।

७) कानुनद्वारा संरक्षित स्वतन्त्र रेडियोहरूलाई कानुनले दिएका लगभग सम्पूर्ण अधिकारबाट वञ्चित गरियो । जसका कारण स्वतन्त्र रेडियोहरूले यस अवधिमा अपूरणीय आर्थिक क्षति समेत वेहोर्नु पर्‍यो । तर स्वतन्त्र रेडियोहरूले सरकारलाई बुझाउनुपर्ने आर्थिक दायित्व वार्षिक नवीकरण शुल्क, रोयल्टी कायमै राखिएको छ । कानुन प्रदत्त अधिकार प्रयोग गर्न नपाउने तर दायित्व चाहिँ कायमै हुनुले स्वतन्त्र रेडियोको सञ्चालनमा गम्भीर संकट उत्पन्न भएको छ ।

८) स्वतन्त्र रेडियोमा कार्यरत थुप्रै पत्रकारहरू बेरोजगार बन्नु परेको छ । जसले संकटकालमा समेत निलम्बनमा नपरेको सविधानद्वारा प्रत्याभूत धारा १२ (२) (ङ) सँग सम्बन्धित पेशा वा रोजगारको हक समेत कुण्ठित हुन पुगेको छ ।

९) मन्त्रिपरिषद्का उपाध्यक्ष, मन्त्रीहरू, उच्चपदस्थ अधिकारी तथा सरोकार राख्ने सबैखाले निकायलाई यस सम्बन्धमा झण्डै तीन महिनासम्म बारम्बार कुरा राख्ने तथा अनुरोध गर्ने कार्य गर्दा पनि कुनै प्रकारको सुनुवाइ भएन ।

१०) यस्तो अवस्थामा नेपाल अधिराज्यभरका स्वतन्त्र रेडियो प्रसारणसँग सम्बन्धित तीनओटा प्रसारकहरूका संस्था सामुदायिक रेडियो प्रसारक संघ, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल र काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्च, रेडियो प्रवर्द्धक संघसस्था तथा पत्रकारहरू समेतको उपस्थितिमा आफ्ना कानुनसम्मत हक अधिकार पुनर्बहालीका लागि क्रियाशील रहन २०६२ जेठ ११ काठमाडौँमा सम्पन्न एक भेलाले स्वतन्त्र रेडियो बचाऊ आन्दोलन, केन्द्रीय संघर्ष समिति गठन गर्‍यो । सो संघर्ष समितिले जेठ १५ गते एकहप्तासम्म विरोध कार्यक्रमहरू सञ्चालन गर्‍यो । सो चरणमा सरकारका तर्फबाट कुनै प्रतिक्रिया नआएपछि दोस्रो चरणका विरोध कार्यक्रम अघि बढाएको छैटौँ दिन श्री ५ महाराजाधिराजको दोहा भ्रमणको समाचार वाचन गर्ने पूर्वघोषित कार्यक्रममा

भने सूचना तथा सञ्चार मन्त्रालयले सो समाचार प्रसारण कुनै पनि हालतमा नगर्न प्रयत्न गऱ्यो । श्री ५ महाराजाधिराजको दोहा भ्रमणको समाचार प्रसारण गरेमा इजाजत रद्दसमेत गर्ने चेतावनी सहितको सार्वजनिक सूचना जेठ ३१ गते साँझ जारी गऱ्यो ।

११) त्यसै दिन सूचना तथा सञ्चार मन्त्रालयले स्वतन्त्र रेडियो बचाऊ आन्दोलनलाई वार्तामा आउन पनि आह्वान गऱ्यो । सो आह्वानअनुसार स्वतन्त्र रेडियोकर्मीहरू अहिले वार्तामा सामेल छौँ । विगतका दुईओटा बैठकको छलफलमा अब हुने तेस्रो बैठकमा सरकारका तर्फबाट लिखित रूपमा एजेण्डा प्रस्तुत गर्ने र स्वतन्त्र रेडियो बचाऊ आन्दोलनका तर्फबाट पनि लिखित अवधारणा प्रस्तुत गर्ने सहमति भएअनुसार वार्तामा समावेश हुनुपर्ने बुँदाहरू प्रस्तुत गरेका छौँ ।

१२) वार्तामा समावेश हुनुपर्ने बुँदाहरू निम्नअनुसार रहेका छन् ।

क) समाचार प्रसारण सम्बन्धमा
ख) विज्ञापनमाथिको नाकाबन्दी सम्बन्धमा
ग) नवीकरण शुल्क मिनाहा सम्बन्धमा
घ) जगेडा ट्रान्समिटर रोक सम्बन्धमा
ङ) नियमन निकायका सम्बन्धमा
च) रेडियो पत्रकारहरूको पेशागत अधिकार संरक्षण तथा परिचयपत्रको नियमितता सम्बन्धमा

१३) उल्लेखित बुँदामा स्वतन्त्र रेडियो बचाऊ आन्दोलन श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयसँग खुला ढंगले वार्ता गर्न तयार रहेको कुरा पनि स्पष्ट पार्दछौँ ।

**एजेण्डा प्रस्तुतकर्ता**
स्वतन्त्र रेडियो बचाऊ आन्दोलन
केन्द्रीय संघर्ष समिति

**वार्ता टोली**

| | |
|---|---|
| रघु मैनाली | संयोजक |
| घमराज लुइँटेल | सदस्य |
| भरत शाक्य | सदस्य |
| विष्णुहरि ढकाल | सदस्य |
| विनोद ढुङ्गेल | सदस्य |